
निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com





अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०



❖ वर्ष ३५ ❖ २०७९ जेठ २२ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 June 05 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २७७


## निजगढमा विमानस्थल जसरी पनि बन्छ –अर्थमन्त्री शर्मा

प्रस, वीरगंज, २१ जेठ/

अर्थमन्त्री जनार्दन शर्माले यसै वर्षदेखि निजगढमा विमानस्थल निर्माणको काम शुरू हुने बताएका छन्।

वीरगंज उद्योग वाणिज्य सङ्घको ४६औं वार्षिक साधारणसभामा उनले सर्वोच्च अदालतको आदेशले निर्माणमा रोक लागे पनि निजगढमा दोस्रो अन्तर र्‍ाष्ट्रिय विमानस्थलको निर्माण कार्य कुनै पनि हालतमा नरोकिने बताए । उनले अन्तर्राष्ट्रिय विमानस्थल जसरी पनि बन्छ, त्यसमा कुनै आशङ्का नगर्न र विश्वस्त हुन आग्रह गरे ।

बजेटमा वीरगंजलाई उपेक्षा गरिएको भन्ने भनाइको खण्डन गर्दै अर्थमन्त्री शर्माले भने, "गरीबी निवारण गर्ने र आत्मनिर्भर हुने कुरा पनि वीरगंजवासीकै लागि हो, दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल पनि वीरगंजकै लागि हो, जसले सिङ्गो मधेस प्रदेशलाई फाइदा पुर्‍याउँछ ।" उनले काठमाडौं–तराई/मधेस द्रुत मार्गको लागि विनियोजन गरिएको ३० अर्ब बजेट पनि वीरगंजवासीकै लागि भएको बताए।

अर्थमन्त्री शर्माले वीरगंज चिनी कारखाना र कृषि औजार कारखाना चल्नेमा निश्चिन्त हुन बताए। अदालत र सशस्त्र प्रहरीलाई दिइएको सार्वजनिक


तस्वीरः प्रतीक

जग्गा आवश्यकता अनुसार खाली गराउन सकिने हुँदा त्यो कुनै ठूलो विषय नभएको उनको भनाइ थियो। कृषिलाई प्राथमिकता दिइएको र उत्पादनमा जोड दिएको हुँदा अब कृषि औजार कारखानाको आवश्यकता पनि बढ्दै गएकोले सो कारखाना सञ्चालन गर्ने उनले बताए।

वीउवासङ्घका अध्यक्ष सुबोध गुप्ताको सभापतित्वमा सम्पन्न कार्यक्रममा अर्थ सचिव मधु मरासिनी, मधेस प्रदेशका खानेपानी तथा ऊर्जा मन्त्री ओमप्रकाश शर्मा, सङ्घीय सांसद प्रदीप यादव, वीरगंजका प्रमुख राजेशमान सिंहलगायतले अधिवेशन सफलताको लागि शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रममा निर्याततर्फ उत्कृष्ट तीन उद्योग डाबर नेपाल, त्रिवेणी स्पिनिङ, शिवशक्ति केमो प्लास्टिक प्रालि तथा युवा उद्यमीमा नारायणी रिफाइनरीका निखिल चाचान, जगदम्बा कङ्क्रिटका आयुष गुप्ता, मारुती पेपर उद्योग प्रालिका सञ्चालक दीपेश अग्रवाल, एक्सप्रेस कार वासका राहुल साहलगायतलाई सम्मान गरिएको थियो ।

## गरुडाको नगर कार्यपालिका निर्वाचन सम्पन्न

प्रस, गरुडा, २१ जेठ/

रौतहटको गरुडा नगरपालिकाको नगर कार्यपालिका निर्वाचन शनिवार


तस्वीरः प्रतीक

सम्पन्न भएको छ ।

गरुडा नगरपालिकाको कार्यपालिका निर्वाचनमा नेकपा एमाले, नेपाली काङ्ग्रेस र लोसपा गठबन्धनको प्यानल विजयी भएको छ। गत वैशाख ३० गतेको स्थानीय निर्वाचन अलग–अलग लडेका एमाले, नेका र लोसपाले कार्यपालिका निर्वाचन संयुक्तरूपमा लड्दा सहज जीत निकालेका छन् ।

कार्यपालिका सदस्यमा नेकपा एमालेबाट धनमन्ती देवी, मञ्जु देवी, रजिया देवी र ध्रुव साह कानू निर्वाचित भएका छन् ।

यसैगरी, नेपाली काङ्ग्रेसबाट पूनमदेवी राम, जयनारायण बैठा र सञ्जीवप्रसाद साह कार्यपालिका सदस्यमा निर्वाचित भएका छन्। त्यस्तै, लोसपाबाट इस्लामु कार्यपालिका सदस्यमा निर्वाचित भएका छन् ।

गरुडा नगरपालिकाको १९ सदस्यीय कार्यपालिकामा नेकपा एमालेका छ, नेपाली काङ्ग्रेसका छ, नेकपा माओवादी केन्द्रका दुई, जसपाका दुई, लोसपाका दुई र नेकपा एकीकृत समाजवादीका एकजना सदस्य छन् ।

कार्यपालिका चुनावमा गठबन्धन बनाएर लडेका दलले मिलेर काम गरेमा नगरपालिका सञ्चालनमा कुनै अप्ठ्यारो नहुने देखिएको छ ।

## हावाहुरी तथा पानीले ग्रामीण जनजीवन अस्तव्यस्त

प्रस, वीरगंज, २१ जेठ/

पर्साको ग्रामीण भेगमा गएराति आएको हावाहुरी तथा पानीको कारण


गएराति आएको हावाहुरीले ढलेको विद्युतीय पोल र फुसको छाना । तस्वीरः प्रतीक

ग्रामीण बासिन्दाहरूको जनजीवन अस्तव्यस्त भएको छ ।

हावाहुरीको कारण गाउँका अधिकांश टोलमा विद्युत् पोलहरू ढलेका कारण अहिलेसम्म विद्युत् अवरोध हुनुको साथै अधिकांश घर भत्केर नष्ट भएका छन् ।

धोबिनी गापा–१ का अध्यक्ष बन्धु रौनियारका अनुसार गएराति आएको हावाहुरीको कारण अधिकांश फुसका घर भत्केर लाखौं रुपैयाँको क्षति भएको छ ।

स्थानीयहरूले बनाएको कुखुराको फार्मसमेत नष्ट भएको छ। गाउँमा विद्युत् अवरोधका कारण मोबाइलको नेटवर्कमा समेत समस्या आएको छ। विद्यालयहरू बन्द रहे पनि अधिकांश विद्यालयका भवन भत्किएको वडाध्यक्ष रौनियारले जानकारी गराएका छन् ।

हावाहुरीको कारण किसानहरूले छरेको धानको बीउसमेत नष्ट भएको छ। पोखरिया विद्युत् वितरण केन्द्रका अनुसार लङ्डीमा आठ, भिखमपुरमा चार, बहुवर्वा क्षेत्रलगायत गरी १३ वटा स्थानीय तहमा ६० वटा पोल ढलेका कारण विद्युत् अवरोध भएको छ । आफूसँग भएको जनशक्ति रातिदेखि नै काम गरिरहेको कार्यालय प्रमुख जगरनाथ झाले बताए ।

प्रमुख झाले वीरगंज महानगरपालिकाबाहेक १३ वटा पालिकाको जिम्मेवारी पोखरियाले हेर्दै आएको तर जनशक्ति कम भएको कारण समयमा काम गर्न नसकेको बताए। प्रमुख झाका अनुसार विभिन्न गाउँमा अवरोध विद्युत् भोलि आइतवार बेलुकासम्म समाधान हुनेछ । रातिको आएको हावाहुरीको कारण ठोरीदेखि विन्ध्यवासिनीसम्म विद्युत् अवरोध भएको उनले बताए ।

## २२ महिलासहित १०१ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २१ जेठ/

वीरगंज महानगर–४ भगवतीटोलमा भगवती युवा क्लबले आयोजना गरेको



तस्वीरः प्रतीक

रक्तदान कार्यक्रममा २२ जना महिलासहित १०१ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक धीरेन्द्र झाले बताए ।

सुनील मानन्धर, रउस सहनी, सबाना खातुन, शिवमति देवी, नरेश श्रेष्ठ, मुमताज खातुन, रोशन ठाकुर, राहुल सर्राफ, रमेश राउत, सिर्जना श्रेष्ठ, आयुष सर्राफ, बबिता कुमारी, उज्ज्वल बस्नेतलगायतले रक्तदान गरेको प्राविधिक झाले बताए ।

## जातीय भेदभाव तथा छुवाछूत उन्मूलनबारे अन्तर्क्रिया

प्रस, वीरगंज, २१ जेठ/

पिसफोर दलित फाउन्डेसन नेपाल, मधेस प्रदेश, पर्साको आयोजनामा सखुवाप्रसौनी गाउँपालिका–३, कौवावनकटैयामा जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवसको अवसरमा दलित समुदायसँग छुवाछूतविरुद्ध छलफल तथा अन्तर्क्रिया गरिएको छ ।


तस्वीरः प्रतीक

दलित दबाब समूहका अध्यक्ष जयलाल महरा चमारले २०६८ सालमा जातीय भेदभाव तथा छुवाछूतविरुद्धको कसूर र सजाय ऐन आए पनि सोबारेमा आफूलगायत अन्य दलितहरूलाई पनि जानकारी नभएको बताए। अन्तर्क्रियामा सहभागी उर्मिलादेवी मुसहर, रामा मुसहरलगायतले ऐनको बारेमा आफूहरूलाई कुनै जानकारी नभएको बताए। उनीहरूले अहिले पनि आफूहरू जातीय भेदभाव, छुवाछूतको शिकार भइरहेको बताए। कार्यक्रममा पिसफोर दलित फाउन्डेशन नेपालका दीपेन्द्रकुमार राम, परमानन्द राम, अशोक रामलगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण पिसफोर दलित फाउन्डेशन नेपाल, पर्साका अध्यक्ष मनोज रामले गरेका थिए ।

## दूतावासद्वारा विश्व साइकल दिवसमा र्‍याली

प्रस, वीरगंज, २१ जेठ/

वीरगंजस्थित भारतीय महावाणिज्य "आजादीको अमृत महोत्सव" अन्तर्गत विश्व साइकल दिवसको साइकलयात्रीका लागि र्‍याली आयोजना गरिएको महावाणिज्य दूतावासले



तस्वीरः सौजन्य

दूतावासको कार्यालयको आयोजनामा विश्व साइकल दिवस मनाइएको छ ।

अवसरमा दुई विधामा र्‍याली आयोजना गरिएको थियो। व्यावसायिक र एमेच्योर जनाएको छ । व्यावसायिक विधामा


(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**जति उच्च ज्ञान उत्तिकै उत्तम जीवन । यदि यस्तो भएन भने सबै प्रयास भुसा कुटेको समान व्यर्थ र निस्सार हुन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# सौजन्य

सन् १९३६ मा एकजना अमेरिकी महिला टोकियो नगरको कष्टप्रद गर्मीबाट त्रास पाउन जापानको उत्तरमा समुद्री तटस्थित एउटा स्वास्थ्यप्रद सानो बस्तीमा आफ्नो सात वर्षीया छोरीसँगै बसिरहेकी थिइन् । यस बस्तीको नाम टाकायामा हो । रेलको स्टेशन सेनडाई, त्यहाँबाट बीस मिल टाढा छ र जुन पहाडीमा स्थित बङ्गलामा बस्थिन्, त्यहाँबाट पक्की सडक पनि आधा मील टाढा थियो । त्यहाँ कुनै चिकित्सक थिएनन् र औषधि पनि सेनडाईमा नै पाइन्थ्यो ।

एक दिन छोरीको मुखमा खटिरा हुनुको साथै ज्वरो पनि आयो । आमाले टोकियोस्थित विशाल अमेरिकन अस्पताल सेन्ट लूकलाई पत्रद्वारा बच्चाको अवस्थाबारे सूचित गरिन् । त्यहाँबाट उत्तर आयो एक विशेष औषधिको चालीस प्रतिशत घोल मुखको खटिरामा प्रयोग गर । आमा ट्याक्सीमा बसेर सेनडाईबाट औषधि ल्याइन् तर त्यस घोलको एकपटकको प्रयोगबाट छोरीको मुख जल्यो र उनी रुन थालिन् । आमाले कुनै गलती भयो भन्ठानिन् । यत्तिकैमा त्यहाँ हुलाकी आए र भन्न थाले– औषधिको घोल भूलले चार प्रतिशतको ठाउँमा ४० प्रतिशत लेखिएको थियो, जसको लागि क्षमा प्रार्थना गरिएको थियो ।

यता बच्चालाई असह्य कष्ट हुन थाल्यो । राति टोकियो जाने डाकगाडीको व्यवस्था थिएन, यसैले दिनमा पैसेन्जर गाडीबाट जानुपर्थ्यो । जसरीतसरी रात कट्यो तर छोरीको सम्पूर्ण मुखमण्डल सुन्निएको थियो र कालो दाग बसेको थियो, ज्वरोले उनी बेहोश भएकी थिइन् ।

छोरीलाई ट्याक्सीसम्म पुऱ्याउनको लागि आमा समुद्री तटमा माझीसँग सहायता माग्न पुगिन् । माझीले समुद्रबाट डुङ्गा निकाले र चारजना माझी आमासँगै उनको घर पुगे । आमाको विचार थियो छोरीलाई बाँसको कुर्सीमा बसाउने तर माझीले यसबाट बच्चालाई कष्ट हुन्छ र बच्चाको खाटको चारवटै खुट्टामा डोरीले बाँधेर उनीहरूले घाँटीमा झुन्डयाएर धानको खेत हुँदै हिंड्दै ट्याक्सीसम्म पुऱ्याइदिए र त्यसपछि खाट लिएर फर्किए ।

फर्किने बेलामा जब महिलाले उनीहरूको सेवाको लागि परितोषिक दिन चाहिन् तर उनीहरूले अस्वीकार गर्दै भने– बच्चा रोगी छ, हामीले यो गर्नु नै पर्थ्यो ।

पैसेन्जर गाडीमा केवल तेस्रो दर्जाको डिब्बा थियो र निकै भीड थियो । महिलाले रेलका गार्डसँग सबै कुरा बताउँदै छवटा सिटको भाडा दिने बताइन् । बच्चालाई गद्दामा सुताएर उसको टाउको र मुखमा बरफ राख्न आग्रह गरिन् । आमाको प्रार्थना सुनेर गार्डले कतैबाट स्ट्रेचर ल्याएर बच्चीलाई त्यसमा सुताएर एउटा भव्य सैटुनको ढोकामा लगे । त्यहाँ त्यति बेला जापानका गृहमन्त्री कौनेसुके उशियाका सचिवले महिलालाई अभिवादन गरे र भने, "गृहमन्त्री यो कुरा थाहा पाएर निकै दुःखी छन् । तपाईंको बच्चा रोगी छिन् र त्यसैले उहाँले बच्चालाई शयनागरमा राख्न भन्नुभएको छ ।"

**जब महिलाले मन्त्री महोदयलाई धन्यवाद दिन उचित शब्द खोजिरहेकी थिइन्, मन्त्रीले भने, "जुन थोरै सेवा मैले गर्न सकें, त्यो मैले गर्नु नै पर्थ्यो, किनभने तपाई मेरो देशको अतिथि हुनुहुन्छ । महिला कृतज्ञताले गदगद भइन् ।"**

महिलाले अस्वीकार गर्न थालेपछि गृहमन्त्री स्वयम् त्यहाँ पुगे र भने, "तपाईंको छोरी रोगी छिन् र उनलाई ओछ्यानको आवश्यकता छ । यो आवश्यकता मलाई पूरा गर्ने अनुमति दिनुहोस् ।"

बच्चालाई एउटा सुन्दर ओछ्यानमा सुताइयो । पङ्खा चलिरहेको थियो । धूलो र झिँगाबाट बचाउको लागि बच्चाको मुखलाई एउटा उज्ज्वल जालीले ढाकिएको थियो । चीसो पट्टी गर्न सफा तौलिया राखियो । अघिल्लो स्टेशनमा आइसब्याग, एउटा बरफको सिरानी र दुई सिल बरफ गाडीमा ल्याइयो । अवश्य नै गृहमन्त्रीले यी सबै प्रबन्ध गरेका थिए ।

सो गाडीमा भान्साघर थिएन । यात्रीहरू घरबाटै भोजन ल्याउँथे अथवा स्टेशनमा किनेर खान्थे । महिलालाई भोजनको सुध थिएन । बच्चाको मुख भर्नको लागि बार्ली वाटर र आमाको लागि भोजन तथा फलको व्यवस्था भयो ।

दिउँसो जब गाडी चर्किरहेको घाममा मैदान हुँदै गइरहेको थियो । एकजना कुली ढोकामा बरफ फुटालिरहेका थिए । जहाँ गाडी रोकिन्थ्यो, बरफको नयाँ सिल्ली आउँथ्यो । बाहिरको ताप तथा ज्वरोको प्रकोप कम गर्न बच्चाको निधार, घाँटी तथा काँधमा बरफले ढाकेर राखिन्थ्यो । सेन्ट लूक अस्पतालका चिकित्सकले बच्चाको जीवनरक्षाको लागि बरफ र शीतल पेयबाट उपचार गर्न भनेका थिए किनभने यसबाट ज्वरोको प्रकोप र मुख कुहिनबाट रोक्न सकिन्छ ।

जब गाडी डइमो (टोकियो नगरको एउटा स्टेशन) पुग्यो रोगीलाई लैजाने गाडी स्टेशनमा तयार थियो । जब महिलाले मन्त्री महोदयलाई धन्यवाद दिन उचित शब्द खोजिरहेकी थिइन्, मन्त्रीले भने, "जुन थोरै सेवा मैले गर्न सकें, त्यो मैले गर्नु नै पर्थ्यो, किनभने तपाई मेरो देशको अतिथि हुनुहुन्छ । महिला कृतज्ञताले गदगद भइन् ।"

**स जातो येन जातेन याति वंशः समुन्नतिम् ।**
**परिवर्तिनि संसारे मृतः को वा न जायते ॥**
संसारमा जन्म–मरणको चक्र चलिरहन्छ, तर जन्म उसैको सफल हुन्छ, जसको जन्मबाट वंशको उन्नति हुन्छ ।
– भर्तृहरि–नीतिशतक

# प्रचण्ड : परिवर्तनकारी कि अस्थिरताको पुलिन्दा ?

समयान्तर




ओमप्रकाश खनाल
omkhanal@gmail.com


**जनमतले दिएको सन्देशलाई आत्मसात् गरेर आचरण सुधार्ने कि दम्भ पालेर बस्ने त्यो प्रचण्डहरूकै मर्जी ।सीमित स्वार्थी कार्यकर्ताहरूको झुन्डको कुरा बेग्लै भयो, सचेत जनता दलका गुलाम हुन सक्दैन । भर्खरै स्थानीय चुनावमा देखिएको जनमत यसको सुरुआती सङ्केत मात्रै हो । दलहरूको चेत खुलोस् ।**

केही वर्षअघि यो स्तम्भकारले विषय उठान गरेको थियो, प्रचण्ड नेता कि अभिनेता ? समकालीन राजनीतिलाई मिहिन ढङ्गबाट केलाउने जो कोहीको माथिङ्गलमा यो प्रश्न घुम्नु अस्वाभाविक होइन । स्मरण हुन्छ, नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड एकताका नेपाली काङ्ग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाले देशमा शान्ति र समृद्धि ल्याउने अभिभारा आफूलाई दिएको दाबी गर्थे । अहिले पनि गरिराखेकै छन् । तर समकालीन राजनीतिक विचलनमा प्रचण्ड प्रवृत्ति अग्रस्थानमैं देखिन्छ । एक समय गिरिजाप्रसाद कोइरालाको सेरोफेरोमा घुमेको राजनीति त्यसयता प्रचण्डको बोली, व्यवहार र आचरणले प्रभावित (ग्रसित) भइराखेको छ ।

पहिलो संविधानसभा लगत्तै सबैभन्दा ठूलो दलका रूपमा प्रधानमन्त्री बनेदेखि रुक्माङ्गत कटवाल प्रकरण होओस् वा दोस्रो संविधानसभामार्फत तेस्रो शक्तिको रूपमा खुम्चिएरै पनि संविधान निर्माणमा अवरोधदेखि सहमतिसम्ममा प्रचण्डको भूमिका एक हिसाबले निर्णायक रह्यो । पहिलो संविधानसभाबाट संविधान बन्न नदिन सदन र सडकमा जातीय राजनीतिको आगो झोस्नेदेखि दोस्रो संविधानसभामा सहमतिको सूत्रधार पनि प्रचण्ड नै थिए ।

पहिलो संविधानसभामा प्रचण्डलाई दम्भले उचाल्यो । दोस्रोमा राजनीतिक हैसियत खुम्चिएपछि प्रचण्डको आक्रोश सडकमा पोखिने उपयुक्त समयको खोजीमा थियो । मधेसवादीसहितको असहमत पक्षको अगुवा प्रचण्ड नै बने । दोस्रो संविधानसभाले एक वर्षभित्र संविधान बनाउने भनेर त्यो समय खिंचातानीमैं सकेपछि अब संविधान नबन्ने भयो भन्नेमा आशङ्का बाक्लिएकै बेला २०७२ वैशाखमा भूकम्प गएपछि राजनीतिले नयाँ मोड लियो ।

संविधानका विषयवस्तुमा असहमत पक्षको नेतृत्व गरिराखेका प्रचण्ड 'असहमति जति भूकम्पले लग्यो' भनेर जसरी यु–टर्न मारे, मधेसवादी दलबाहेक अन्य दल संविधान निर्माणको अभियानमा सहभागी भए । यतिसम्म कि राजसंस्था र हिन्दू राष्ट्रको मुद्दा छोडेर कमल थापाहरू संविधानमा सही धस्काउन पुगे ।

संविधानमैं सङ्घीय लोकतान्त्रिक गणतन्त्र लिपिबद्ध भएपछि देश सङ्घीयताको अभ्यासमा गयो । यसबीचमा राजनीतिक रस्साकस्सीमा करीब एक दशक सकिएको थियो । जति समय माओवादीले सशस्त्र सङ्घर्ष चलायो, त्यति नै समय शान्तिप्रक्रियामार्फत सङ्क्रमणले निकास पाउनै लाग्यो । शान्तिप्रक्रियाका केही अभिभारा अहिले पनि पूरा भएका छैनन् । यसमा दलहरू, त्यसमा पनि शीर्षस्थका आआफ्नै स्वार्थ होलान् । यो अहिले आलेखको विषय होइन । सङ्क्रमणको यो एक दशकमा प्रचण्डको प्रवृत्तिका अनेक अवतार प्रकट भए । एक समय थियो, प्रचण्ड र बाबुरामहरूलाई एक झल्को हेर्न मानिसहरू लालायित हुन्थे । सभाहरूमा लाखौं भीड जम्मा हुन्थ्यो । छोटै समयान्तरमा यस्तो समय पनि आयो, प्रचण्डहरू आफ्नै कार्यकर्ताका हातबाट झापड खाने अवस्थामा पुगे । यो उनीहरूको कार्यशैली र आचरणमा आएको परिवर्तनको उपज थियो ।

संविधान निर्माणपछि भएको पहिलो स्थानीय तह निर्वाचन होओस् वा प्रदेश र सङ्घीय व्यवस्थापिकाको चुनाव, राजनीति प्रचण्डको वरिपरि घुमिराख्यो । भरतपुरको प्रमुखमा छोरी रेणुलाई जिताउन नेपाली काङ्ग्रेससँग गठबन्ध मात्र जोडिएन, जनमतको हुर्मत र कपट जगजाहेरै छ । त्यति बेला काङ्ग्रेसले प्रचण्डको गुन तिर्न आफ्ना जित्ने उम्मेदवारको बलिदानी मात्र लिएन, एमालेका देवी ज्ञवालीले जितेको चुनावसमेत हराइयो । सत्ताको आडमा शक्तिको दुरुपयोग र जालसाजीको नमूना बनेको रेणु दाहालको त्यो जीत लोकतान्त्रिक विधि र पद्धतिमैं एउटा कालो धब्बा बनेर स्थापित भएको छ ।

प्राविधिकरूपमा प्रचण्डपुत्रीले भरतपुरको प्रमुखको कुर्सी त हात पारिन्, उनको त्यो जीत नेपाली काङ्ग्रेसका शेरबहादुर देउवा र प्रचण्डको कपटपूर्ण गठजोडको उपज थियो भन्ने कुरा छर्लङ्गै छ । मानिसलाई परिवारवाद र मोहले कतिसम्म अन्धो बनाउँदो रहेछ भन्ने त भरतपुर महानगरमा रेणुको पहिलो प्रवेश र अहिले भर्खरै चुनावको पूर्वसन्ध्यामा प्रचण्डको धम्कीपूर्ण बोलीले अब प्रस्ट हुन केही बाँकी छैन । संयोग कस्तो भने दुवै संयोजनका योजनाकारको रूपमा देउवा र प्रचण्ड नै प्रकट भएका छन् । नेपालको समकालीन राजनीतिमा परिवारवादलाई पछ्याउने नेताको अग्रस्थानमा प्रचण्डको नाम दर्ज छ । छोरी, ज्वाइँ, बुहारी, भाइ भ्याएसम्मका सबैलाई पदमा लैजानै पर्ने प्रचण्डको लालसा उनको व्यक्तित्व क्षयीकरणको एउटा प्रमुख कारण हो ।

संविधान निर्माणपछि आफ्नै समर्थनमा केपी शर्मा ओलीको नेतृत्वमा बनेको सरकारलाई ढालेर देउवासँग ९/९ महीनाको सत्ता आलोपालो गर्न पुगेका प्रचण्ड प्रकारान्तरले राजनीतिको मियोको रूपमा स्थापित त भए, तर यसले स्थायित्वलाई होइन स्वार्थलाई प्रवर्द्धन गऱ्यो । प्रचण्डले लगाएको गुन देउवाले भरतपुरको प्रमुखमा हारेकी प्रचण्डपुत्रीलाई चुनाव जिताएर तिरे । कपटपूर्ण तरीकाले पूरा गरिएको प्रक्रिया जे जस्तो होओस्, माओवादी कार्यकर्ताले मतपत्र चपाएको घटना लोकतान्त्रिक विधि र प्रक्रियामैं नमूना कलङ्कको हो । यसलाई देउवा र प्रचण्डहरूको हजार यत्नले मेटाउन सम्भव छैन ।

यसपटक भरतपुरको प्रमुखमा रेणुको पराजयले देश गम्भीर दुर्घटनामा जान्छ भन्नेसम्मको कुतर्क पेश गरेका प्रचण्डलाई भरतपुरका मतदाताले सही जवाफ फर्काउन सकेनन्, यो अर्को विडम्बनाको विषय हो । प्रचण्डको बोलीमा अहिले पनि युद्धको दुर्गन्ध पाइन्छ । तर उल्टै आफूहरूलाई युद्धतर्फ धकेल्न खोजिएको बताउन सङ्कोच मान्दैनन् । एकातिर आफ्नै नेतृत्व र रूपान्तरण योजनाकै जगमा देशमा सङ्घीयता र गणतन्त्र आएको दाबी कस्ने, अनि अर्कातिर अझै पनि घुमाउरो पारामा युद्धको धम्की दिने प्रचण्डको आचरण आशङ्काको घेराबाहिर छैन । बेलाबेलामा क्रान्तिको घुर्की लगाउने प्रचण्ड आफैं शान्तिप्रक्रियाको पूर्णता चाहँदैनन् भन्ने आशङ्कालाई प्रचण्डकै बोलीले बल पुऱ्याइराखेको छ ।

राजनीति र व्यापारमा कोही पनि स्थायी मित्र र दुश्मन हुँदैनन् भन्ने उक्ति यदि कहीं चरिचार्थ हुन्छ भने त्यो नेपालमैं हो । व्यापारमा मित्रता र दुश्मनीको फेहरिस्त केलाउनु यतिखेर यो आलेखको अभिप्राय होइन । राजनीतिक स्वार्थको गठजोड हेर्ने हो भने २०७४ सालको स्थानीय चुनावमा काङ्ग्रेससँग घाँटी जोडेर कपट र तिकडम अपनाएर छोरीलाई नगरप्रमुख बनाएका प्रचण्ड छ महीना नबित्दै प्रदेश र सङ्घीय व्यवस्थापिका चुनावमा एमालेका केपी शर्मा ओलीसँग नाता गाँस्न पुगे । अवस्था यस्तोसम्म बन्यो, प्रचण्डहरूको समर्थनमा बनेको तत्कालीन सरकारका प्रधानमन्त्री शेरबहादुर देउवाले माओवादीका मन्त्रीहरूलाई बर्खास्त गर्न पुगे । ओलीको सरकार ढालेर काङ्ग्रेससँग सत्तायात्रामा रहेका प्रचण्ड पुनः ओलीसँग चुनावी सहकार्यमा जानु अस्वाभाविक लाग्दै थियो । यो चुनावी सहयात्राले करीब दुई तिहाइको सङ्घीय सरकार र छवटा प्रदेशमा वामपन्थी सरकार त बन्यो, तर स्थायित्व दिन सकेन ।

माओवादी र एमाले नेपाल कम्युनिस्ट पार्टीमा रूपान्तरण सम्भव भयो, तर सहयात्रा सम्भव भएन । ओली र प्रचण्डको स्वार्थ बज्रान र पूर्वएमालेका माधव नेपाल र झलनाथहरूसित ओलीको तिक्तताले नेकपा टिक्न सकेन । अदालतले नै एकता अमान्य बनाइदियो । एकता छिन्नभिन्न भयो । करीब दुई तिहाइको बहुमत पाएर पनि वामपन्थी सरकार पूरा आयु चल्न सकेन । केन्द्रीय सत्ता मात्र होइन, अधिकांश प्रादेशिक सत्ता पनि गुमायो । यसमा ओलीको दम्भको ओज पनि कम छैन । यसबारेमा यसै स्तम्भमा यसअघि चर्चा भइसकेकै छ ।

यसपटक पनि तिनै प्रचण्डको भूमिकाले शेरबहादुरलाई प्रधानमन्त्रीको कुर्सीमा पुऱ्यायो । २०७४ सालको निर्वाचनमार्फत तेस्रो राजनीतिक शक्तिको रूपमा पाँच वर्षका लागि प्रतिपक्षमा बस्ने जनादेश पाएका देउवाले कल्पना पनि नगरेको अवसर पाए । प्रचण्डको गुन तिर्न देउवाले यसपटक पनि चुनावी गठबन्धन बनाएरै छोडे । गठबन्धनले प्रचण्डपुत्रीलाई पुनः भरतपुरको प्रमुख त बनायो, चुनावयता प्रचण्डको अभिव्यक्ति सुन्दा उनी फेरि पथ विचलनतर्फ उन्मुख भएको भान हुन थालेको छ । चुनावमा काङ्ग्रेसलाई प्राप्त पहिलो स्थानप्रति आक्रोश ओकल्दै प्रचण्डले 'अहङ्कार देखाएमा काङ्ग्रेसलाई पनि एमालेलाई जस्तै ठेगान लगाइदिने' धम्की दिए । प्रचण्ड आफूलाई परिवर्तनशील भन्न रुचाउँछन् । तर प्रचण्डको यो पीपलपाते आचरण परिवर्तन होइन, राजनीतिक अस्थिरताको मुहान बनेको छ । यसबाट आर्थिक र सामाजिक सरोकार ग्रसित भइराखेका छन् ।

दलहरूको रवैयालाई नरुचाएको जनताले काठमाडौं महानगरसहित देशका केही पालिकामा स्वतन्त्र उम्मेदवारलाई दिएको मत पनि प्रचण्डलाई पाच्य भइराखेको छैन । 'बिग्रे पनि सप्रे पनि अझै दशकौं दलहरूले नै देश चलाउने' प्रचण्ड अभिव्यक्ति स्वतन्त्र व्यक्तिको विजयप्रतिको कुण्ठाको पराकाष्ठा मात्र होइन, जनमतको अपमान हो । जनमतले दिएको सन्देशलाई आत्मसात् गरेर आचरण सुधार्ने कि दम्भ पालेर बस्ने त्यो प्रचण्डहरूकै मर्जी । सीमित स्वार्थी कार्यकर्ताहरूको झुन्डको कुरा बेग्लै भयो, सचेत जनता दलका गुलाम हुन सक्दैन । भर्खरै स्थानीय चुनावमा देखिएको जनमत यसको सुरुआती सङ्केत मात्रै हो । दलहरूको चेत खुलोस् ।

# किन शुरू गरियो भारत र बङ्गलादेशलक्षित पर्यटन प्रवर्द्धन अभियान

काठमाडौं, २१ जेठ/रासस

नेपालको प्रमुख पर्यटकीय स्रोत बजार छिमेकी मुलुक भारत र बङ्गलादेशमा 'समर टुरिज्म क्याम्पेन' नामक पर्यटन प्रवर्द्धन अभियान सञ्चालन गरिएको छ । नेपाल उद्योग परिसङ्घले भारतीय र बङ्गलादेशी पर्यटक लक्षित गर्दै उक्त अभियान शुभारम्भ गरेको हो ।

कोभिड–१९ पछि भारतीय र बङ्गलादेशीसहित अन्य मुलुकका पर्यटकसमेत बिस्तारै बाहिर निस्कन थालेको अवस्थामा उनीहरूलाई नेपालमा आकर्षित गर्न यो अभियान सञ्चालन गरिएको परिसङ्घले जनाएको छ । हाल भारत र बङ्गलादेशमा निकै गर्मी छ ।

भारतको नयाँ दिल्लीलगायत गन्तव्यमा ५० डिग्री हाराहारी तापक्रम पुगेको जनाइएको छ । भारत र बङ्गलादेशमा अहिले गर्मी बढिरहेकाले शीतलताका लागि नेपाल उपयुक्त गन्तव्य हुने र पर्यटकको सङ्ख्या पनि बढ्ने भएकाले अभियान सञ्चालन गरिएको परिसङ्घका महानिर्देशक दीपकराज जोशीले बताए । उनले भने, "अहिले भारत र बङ्गलादेशमा गर्मी भइरहेका बेला मानिसहरूले शीतल ठाउँ कहाँ हुन्छ भनेर खोजिरहेका हुन्छन्, त्यस्तो बेला उनीहरूको दिमागमा नेपाल क्लिक होस् भनेर 'गर्मीसे बेहालः चलो नेपाल' भन्ने हिन्दी र बङ्गलादेशी भाषामा प्रवर्द्धन सामग्री बनाएर प्रचारप्रसार गरिनेछ ।"

महानिर्देशक जोशीले भारत र बङ्गलादेशमा रहेका परिसङ्घको नेटवर्कबाट पनि यो अभियान प्रवर्द्धन गरिने बताए । परिसङ्घले भारतमा अल इन्डिया एशोसिएशन अफ इन्डस्ट्रिज, फेडेरेशन अफ इन्डियन इन्डस्ट्रिज,

(बाँकी तेस्रो पातामा)




सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# विश्वभर मङ्कीपक्सबाट सङ्क्रमितको सङ्ख्या ७०० भन्दा बढी

वाशिङ्टन, २१ जेठ/एएफपी

अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्र (सिडिसी)ले शुक्रवार बताए अनुसार अमेरिकामा २१ जनासहित विश्वभर मङ्कीपक्स सङ्क्रमितको सङ्ख्या ७०० भन्दा बढी पुगेको अमेरिकी अनुसन्धानले देखाएको छ। पछिल्लो समय मङ्कीपक्स अमेरिकामा पनि फैलिइरहेको बताइएको छ।


तस्वीरः एएफपी

सिडिसीको एउटा नयाँ रिपोर्ट अनुसार पहिलो १७ वटा घटनामध्ये १६ जना समलिङ्गी पुरुषसँग यौन सम्बन्ध राख्ने व्यक्ति रहेका र बाँकी १४ जना यात्रासित सम्बन्धित भएको प्रारम्भिक अनुसन्धानले देखाएको छ।

सबै बिरामी निको भइसकेका छन् वा निको हुने क्रममा छन् तर कुनै पनि सङ्क्रमितमा जटिल स्वास्थ्य समस्या देखिएको छैन।

सिडिसीको 'डिभिजन अफ हाई कन्सिक्वेन्स प्याथोजेन एन्ड प्याथोलोजी'का उपनिर्देशक जेनिफर म्याकक्विस्टनले सञ्चारकर्मीसँग भनिन्, “संयुक्त राज्य अमेरिकामा पनि केही घटनाहरू देखिएका छन्, जसबारे हामीलाई पूर्ण जानकारी छ।”

संयुक्त राज्य अमेरिकामा यात्रासम्बन्धी वा तिनीहरू कसरी सङ्क्रमित बने भन्ने जानकारी नभएको एउटा पनि घटना नभएको उनले बताइन्।

मङ्कीपक्स एक दुर्लभ रोग हो। यो दादुरासँग सम्बन्धित तर त्यसभन्दा कम गम्भीर रोग हो। यसले गर्दा अन्य लक्षणका साथै फैलने, ज्वरो आउने, चिलाउने र दुख्ने जस्ता लक्षण देखा पर्छन्।

साधारणतया पश्चिमी र मध्य अफ्रिकामा मात्र सीमित यो रोग मेदेखि युरोपमा पनि भेटिएको थियो। त्यस बेलादेखि प्रभावित देशहरूको सङ्ख्या बढिरहेको छ।

क्यानडाले शुक्रवार पनि नयाँ तथ्याङ्क जारी गर्दै कुल ७७ जनामा सङ्क्रमण भएको पुष्टि गरेको छ।

तीमध्ये प्रायः सबै क्युबेक प्रान्तमा पत्ता लागेका हुन् र त्यहाँ नियन्त्रणका लागि खोपहरू वितरण गरिएका छन्।

यसको नयाँ फैलावट युरोपमा विशेष समलैङ्गिक पर्वहरूसँग सम्बन्धित हुन सक्ने भए तापनि मङ्कीपक्सलाई यौनजन्य रोग मानिएको छैन। यसको मुख्य जोखिम भनेको मङ्कीपक्स भएको व्यक्तिसँग छालादेखि छालाको नजीकको सम्पर्क हुनु हो। सबै घाउ सुकेर नयाँ छाला नबनेसम्म एक मानिसबाट अर्कोमा सङ्क्रमण हुने सम्भावना रहन्छ। रासस

# पाकिस्तानमा ग्याँसको मूल्य ४५ प्रतिशत वृद्धि, बिजुलीको शुल्क पनि बढ्यो

इलाहाबाद, २१ जेठ/एएनआई

पाकिस्तानमा एलपी ग्याँसको मूल्यमा भारी वृद्धि भएको छ।

अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्यवृद्धि भएकोले ग्याँसको पनि मूल्यवृद्धि गर्नुपरेको पाकिस्तानका सरकारी अधिकारीहरूले जनाएका छन्।

पाकिस्तानको तेल तथा ग्याँस नियमन प्राधिकरणले ग्याँसको मूल्यवृद्धि गर्न उत्पादकहरूलाई अनुमति दिएको हो।

प्राधिकरणले पाकिस्तानको कराँचीस्थित पाकिस्तानी प्राकृतिक ग्याँस कम्पनी (एसएसजिसी) ग्याँसको मूल्यमा ४५ प्रतिशतसम्म वृद्धि गर्दा अहिले बिक्री मूल्य पाकिस्तानी रुपैयाँ एक हजार सात पुगेको अधिकारीहरूले जानकारी दिएका छन्। नयाँ तय गरिएको मूल्य जुलाई १ देखि मात्रै लागू हुने पनि प्राधिकरणले जनाएको छ।

त्यसैगरी, विद्युत् महसूलमा पनि वृद्धि गरिएको छ। विद्युत् प्राधिकरणले प्रतियुनिट विद्युत्मा ७.९१ प्रतिशत वृद्धि गरिएको जनाएको छ।

दैनिक उपभोग्य ग्याँस र बिजुलीको मूल्य बढेकोप्रति आम नागरिकले आक्रोश व्यक्त गरेका छन्। उनीहरूले दैनिक उपभोग्य पदार्थको मूल्यवृद्धि गर्दा आम नागरिकको दैनिक जीवनमा नै नकारात्मक असर परेको भन्दै मूल्यवृद्धि फिर्ता लिन माग गरेका छन्। रासस

# साउदी अरबले दश लाख तीर्थयात्रीलाई स्वागत गर्ने

रियाद, २१ जेठ/एएफपी

साउदी अरबले शनिवार कोरोना भाइरस सङ्क्रमणको महामारीपछि हज तीर्थयात्रीहरूको पहिलो समूहलाई स्वागत गरेको छ। अधिकारीहरूले महामारीका कारण वार्षिकरूपमा मनाइने पर्वहरूमा तीव्र प्रतिबन्ध लगाउन उत्प्रेरित गर्दै स्वदेशी तथा विदेशी तीर्थालुलाई भ्रमण तथा भेला हुन प्रतिबन्ध लगाएको थियो।


तस्वीरः रायटर्स

इन्डोनेशियाबाट आएको समूह मदीना शहरमा आइतवार अवतरण भएको छ र आगामी हप्ताहरूमा हजको लागि तयारी गर्न दक्षिणी मक्काको पवित्र शहर जाने तय गरिएको थियो, राज्य सञ्चालित सञ्चारमाध्यमले बताएको छ।

देशको हज मन्त्रालयका मोहम्मद अल–बिजावीले राज्य सञ्चालित अल–एखबरीया च्यानललाई बताउँदै भने, “आज हामीले इन्डोनेशियाबाट यस वर्षको तीर्थयात्रीहरूको पहिलो समूहलाई स्वागत गरेका छौं। आगामी दिनमा मलेशिया र भारतबाट हजका लागि उडान जारी रहनेछन्।”

“महामारीको कारण दुई वर्षे अवरोधपछि आज हामी राज्यबाहिरबाट परमेश्वरका पाहुनाहरूलाई स्वागत गर्न पाउँदा खुशी छौं।” साउदी अरबले उनीहरूको व्यवस्थापनका लागि पूर्ण तयारी गरिरहेको छ।

इस्लामका पाँच खम्बामध्ये एक मानिने हजलाई आफ्नो जीवनमा कम्तीमा एकपटक सम्भव हुने सबै मुसलमानले हज जाने प्रचलन छ।

सामान्यतया विश्वको सबैभन्दा ठूलो धार्मिक जमघटमध्ये एक हज यात्रामा सन् २०१९ मा लगभग २५ लाख मानिसहरूले भाग लिएका थिए।

सन् २०२० मा कोभिड–१९ को महामारी शुरू भएपछि साउदी अधिकारीहरूले नियन्त्रणको सीमा तोक्दै एक हजार तीर्थयात्रीलाई मात्र भाग लिन दिने घोषणा गरेका थिए।

सन् २०२१ मा उक्त सङ्ख्यामा संशोधन गर्दै पूर्ण खोप लगाएका साउदी नागरिक तथा चिठामार्फत छानिएका विदेशी बासिन्दाहरू गरी कुल ६० हजार तीर्थयात्री हजमा सहभागी हुन पाउने व्यवस्था गरिएको थियो।

यो वर्षको अप्रिल महीनामा साउदी अरबले जुलाईमा हुने यस हजमा देशभित्र र बाहिरबाट १० लाख मुसलमानलाई भाग लिन अनुमति दिने घोषणा गरेको थियो।

हजमा इस्लामको सबैभन्दा पवित्र शहर मक्का र पश्चिमी साउदी अरबका आसपासका क्षेत्रहरूमा पाँच दिनभन्दा बढी धार्मिक संस्कारहरू सम्पन्न गरिन्छन्। रासस


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## वीरगंज महानगरपालिकाको सूचना


यस वीरगंज महानगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा आवागमनमा बाधा पर्ने गरी निर्माण सामग्री थुपार्ने, फुटपाथमा पसल सञ्चालन गर्ने, छाडा गाईवस्तु तथा छाडा चौपाया छोड्ने, जथाभावी फोहर फाल्नेलगायतका नियम विपरीत कार्यहरु नगर्न नगराउन हुन जानकारी गराइन्छ। साथै उक्त कार्य गरेको पाइएमा कानून बमोजिम जरिवानाको साथै सोको व्यवस्थापन गर्दा लागेको सम्पूर्ण खर्चसमेत सम्बन्धितबाट असुल उपर गरिने बेहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**वीरगंज महानगरपालिका, पर्सा**

# सर्लाहीमा सात अर्ब बजेट

सर्लाही, २१ जेठ/रासस

सर्लाहीका २० स्थानीय निकायलाई सङ्घीय सरकारद्वारा करीब सवा सात अर्ब बजेट विनियोजन गरिएको छ। जेठ १५ गते संसद्मा प्रस्तुत आर्थिक वर्ष २०७९/८० को बजेटमा जिल्लाका २० स्थानीय निकायलाई सङ्घीय सरकारले रु सात अर्ब १८ करोड १५ लाख अर्ब बजेट विनियोजन गरेको हो।




११ नगरपालिका र नौ गाउँपालिकामध्ये सबैभन्दा धेरै बजेट लालबन्दी नगरपालिकाले पाएको छ। लालबन्दीका लागि रु ६४ करोड चार लाख, हरिवनका लागि रु ५७ करोड ७७ लाख, ईश्वरपुरका लागि रु ४७ करोड ३९ लाख, बरहथवाका लागि रु ४७ करोड २५ लाख, गोडैताका लागि रु ४५ करोड ३२ लाख, मलङ्गवाका लागि रु ४३ करोड ८१ लाख, बलराका लागि रु ४० करोड ७९ लाख, वाग्मतीका लागि रु ३८ करोड ४२ लाख, कविलासीका लागि रु ३७ करोड २९ लाख र हरिपुरका लागि रु ३२ करोड ४२ लाख र हरिपुर्वा नगरपालिकाका लागि रु ३१ करोड ३२ लाख बजेट विनियोजन भएको हो।

जिल्लाका नौ गाउँपालिकामध्ये सबैभन्दा धेरै विष्णु गाउँपालिका र सबैभन्दा कम बजेट पर्सा गाउँपालिकाले पाएका छन्। विष्णुका लागि रु ३० करोड ६२ लाख, कौडेनाका लागि रु २९ करोड ६४ लाख, ब्रह्मपुरीका लागि रु २९ करोड ४१ लाख, चन्द्रनगरका लागि रु २६ करोड ७० लाख, बसबरियाका लागि रु २५ करोड ५० लाख, चक्रघट्टाका लागि रु २३ करोड ३६ लाख, रामनगरका लागि रु २३ करोड ३१ लाख, धनकौलका लागि रु २३ करोड चार लाख र पर्सा गाउँपालिकाका लागि रु २० करोड ७५ लाख बजेट छुट्याइएको छ।

सङ्घीय सरकारपछि अब प्रदेश सरकारले आगामी असार १० गते आआफ्नो प्रदेशसभामा बजेट प्रस्तुत गर्दैछन्।

त्यसपछि असार १५ गते देशभरका सबै पालिकाले आआफ्नो गाउँ तथा नगर सभामा पालिकाको बजेट प्रस्तुत गर्नेछन्।

पालिकाहरूले सङ्घीय र प्रदेश सरकारबाट विनियोजन भएको बजेटमा आन्तरिक आम्दानीको आकलन गरी बजेट ल्याउनेछन्।

# रङ्गपुर साझेदारीमा यादव

प्रस, गरुडा, २१ जेठ/

रौतहटको रङ्गपुर साझेदारी वन उपभोक्ता समितिको अध्यक्ष पदमा अशोककुमार यादव सर्वसम्मत निर्वाचित भएका छन्। निर्वाचन कार्यतालिका अनुसार साझेदारीको कार्यालय चन्द्रनिगाहपुरमा शनिवार भएको भेलाले यादवलाई अध्यक्ष पदमा सर्वसम्मत चयन गरेको हो।



सर्वसम्मत अध्यक्षमा चयन भएपछि यादवले वास्तविक उपभोक्ताले वनबाट काठ र दाउरा पाउने बताएका छन्। साझेदारी वनबाट ठेकेदारी प्रथाको पूर्ण अन्त्य गर्ने प्रतिबद्धता अध्यक्ष यादवले व्यक्त गरेका छन्।

साझेदारी वनमा ठेकेदारहरूको रजाइँ हुने गरेको र विभिन्न उपभोक्ताबाट कागजपत्र पूरा गरी ठेकेदारले काठ किनेर समिलसम्म पुर्‍याउने गरेको र महँगोमा बेच्ने गरेको गुनासो रौतहटमा रहेको छ। साझेदारी वनबाट ठेकेदारी प्रथाको अन्त्य आफ्नो पहिलो र पूर्ण प्रतिबद्धता रहेको यादवले बताएका छन्।

गरुडा नगरपालिका वडा नं ६ का पूर्वअध्यक्षसमेत रहेका यादव वैशाख ३० मा सम्पन्न निर्वाचनमा नेकपा एमालेबाट दोस्रो कार्यकालको लागि पराजित भएका थिए।

# अवैध घरेलु मदिरा भट्टी नष्ट

सुग्रीव साह, भिस्वा, २१ जेठ/

भिस्वा प्रहरीले छिपहरमाई गापा–४ बञ्जारीमा सञ्चालित अवैध घरेलु मदिरा भट्टीहरू नष्ट गरेको छ।



प्रहरी नायब निरीक्षक विवेक निराला नेतृत्वको टोलीले बञ्जारीमा सञ्चालित अनिरुद्ध यादव, भोला यादव, लक्ष्मण राम, कपिलदेव यादवलगायतले सञ्चालन गरेको अवैध घरेलु मदिरा भट्टी नष्ट गरेको हो। प्रहरीले सो भट्टी नष्ट गर्ने क्रममा एक हजार लिटर कच्चा मदिरा पनि नष्ट गरेको छ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | उदरपीडा | वृष | विजय |
| मिथुन | धनलाभ | कर्कट | भाग्योदय |
| सिंह | बेचैनी | कन्या | धनलाभ |
| तुला | सफलता | वृश्चिक | प्रगति |
| धनु | रोगभय | मकर | यात्रालाभ |
| कुम्भ | शत्रुपराजय | मीन | सुसमाचार |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# किसानहरूले नाला निर्माण रोके

प्रस, सिम्रौनगढ, २१ जेठ/

सिम्रौनगढ नगरपालिका–७ मा कङ्काली–रानीवास जोड्ने सडकमा निर्माण भइरहेको नाला निर्माण कार्यलाई किसानहरूले रोकेका छन्।

नालाको पानीको बहाव किसानहरूको खेतमा पर्ने गरी बनाइएकोले निर्माण कार्य रोकिएको किसानहरूले बताएका छन्।

उनीहरूले नालाको बहावलाई किसानहरूको खेत बाहिर गर्नुपर्ने माग गरेका छन्। पानीको निकास नहुँदा ५०औं बिघा खेत वर्षामा डुब्ने गरेको र नालाको पानी पनि खेतमैं पार्दा थप समस्या हुने किसानहरूले बताएका छन्।

स्थानीय मोहन अग्रहरी, तेजीलाल कुशवाहा, उमेश कुशवाहा, दीनानाथ महतो, अशोक कुशवाहा, रामजगेश्वर सिंहलगायत ५० जना कृषकले डुबानमुक्त जमीनको बीच भागबाट नाला निकालेर पानीको निकास दिंदा किसानहरूलाई सिंचाइ सुविधा हुने र डुबानबाट पनि छुटकारा पाउने भन्दै सो अनुसार नाला निर्माण गर्न आग्रह गरेका छन्।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, पर्सा

## दररेट पेश गर्नेसम्बन्धी सूचना

सूचना नं २०७८/७९–१९
प्रथमपटक सूचना प्रकाशन मितिः २०७९/०२/२०

प्रस्तुत विषयमा यस एकाइको आव २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रमको धान जोन अन्तर्गत बाली सघनता तथा उत्पादकत्व वृद्धि कार्यक्रम सञ्चालनको लागि धान जोन लागू रहेका कार्यक्षेत्रहरू पर्सागढी नपाका वडा नं १, २, ३ र ४, सखुवाप्रसौनी गापाका वडा नं १, २ र ३, पटेर्वासुगौली गापाका वडा नं १, २ र ३, जीराभवानी गापाका वडा नं १, ४ र ५ तथा ठोरी गापाका वडा नं ३, ४ र ५ का लागि सिफारिश भएका सूचीकृत मसिनो तथा वासनादार धानका जातहरूको बीउ खरीदका लागि दररेट आवश्यक परेको हुनाले उक्त जातका धानको बीउको आपूर्ति गर्न इच्छुक उत्पादक/कम्पनी, आधिकारिक विक्रेता वा आपूर्तिकर्ताहरूले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ७औं दिन (२०७९/०२/२६ गते) कार्यालय समयभित्र तपसिलमा उल्लेख भए अनुसारका कागजातहरू संलग्न राखी यस एकाइमा दररेट पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**नोट :** आपूर्तिकर्ताले माथि उल्लिखित सामग्रीहरूको आपूर्ति वीरगंज महानगरपालिकास्थित परियोजना कार्यान्वयन एकाइ (ब्रह्मचोकनजीक) वा एकाइले तोकेको स्थानमा गर्नुपर्नेछ।

**तपसिल**

१) दररेट पेश गरिएको भनी रु १० को टिकट टाँस गरी पेश गरिएको निवेदन।
२) फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३) PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि।
४) आव २०७७/७८ को करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि।
५) कालोसूचीमा नरहेको स्वघोषणापत्र।
६) बीउको गुणस्तर खुल्ने प्रमाण।

# निजगढ नगर उद्योग वाणिज्य सङ्घको अधिवेशन सम्पन्न

प्रस, निजगढ, २१ जेठ/

निजगढ नगर उद्योग वाणिज्य सङ्घको प्रथम अधिवेशन तथा साधारणसभा



तस्वीरः प्रतीक

शनिवार सम्पन्न भएको छ ।

निजगढ नगरपालिकाका प्रमुख सुरथ पुरीले अधिवेशन उद्घाटन गर्दै उनले निजगढ नगर उद्योग वाणिज्य सङ्घले नगरका उद्योगी, व्यवसायीको हकअधिकार स्थापित गरी निजगढलाई समुन्नत बनाउन महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने बताए। उनले निजगढको विकासमा उद्योगी–व्यापारीहरूलाई समय सुहाउँदो तालीमको व्यवस्था गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले निजगढको भूगोल सुहाउँदो उद्योग स्थापना गर्न र लगानीकर्ताहरूलाई सुरक्षित वातावरण निर्माण गर्न अग्रसर रहने बताए ।

कार्यक्रममा उपप्रमुख सोममाया थिङले ससाना व्यापार, उद्योग–व्यवसायलाई उकास्न नगर उद्योग वाणिज्य सङ्घको महत्त्वपूर्ण भूमिका रहने बताइन् ।

पूर्व नगरप्रमुख सुरेशकुमार खनालले आफूहरूले साढे चार वर्षको कार्यकालमा स्थायीरूपमा हाटबजार व्यवस्थापन, निजगढको भूगोल सुहाउँदो स्थानको चयन गरी औद्योगिक ग्राम, बसपार्क, ट्रकपार्कलगायत आवश्यक कार्य अघि बढाएको र अब ती कामलाई कार्यान्वयनको दिशामा अघि बढाउन आग्रह गरे ।

पूर्वउपप्रमुख लीलादेवी लामिछानेले निजगढलाई आर्थिक समुन्नतितर्फ लैजान उद्योग वाणिज्य सङ्घमा आबद्ध उद्योगी, व्यापारी, व्यवसायीहरूको सहयोग अपरिहार्य रहेको बताइन् ।

बारा उद्योग वाणिज्य सङ्घ, कलैयाका कोषाध्यक्ष अजयकुमार साहले नगरको विकास कार्यमा साना ठूला व्यापारी, उद्योगी, व्यवसायीहरूको महत्त्वपूर्ण भूमिका रहने भएकाले विशेषगरी स्थानीय तहले उद्योग, वाणिज्य, व्यापारसम्बन्धी ऐन, नीति नियम निर्माण गर्दा व्यापारी, उद्योगी, व्यवसायीहरूका साथै आम उपभोक्ताहरूको हितमा छ कि छैन भनेर गम्भीरतापूर्वक ध्यान दिनुपर्ने सुझाए ।

निजगढ नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष रामकृष्ण नेपालको अध्यक्षतामा भएको कार्यक्रममा उद्योगी एवं समाजसेवी शम्भुबहादुर बुढाथोकी, ज्ञानेन्द्रप्रसाद चौलागाईं, होटल व्यवसायी युवराज लामालगायतले शुभकामना व्यक्त गरेका थिए ।

कार्यक्रमको सञ्चालन उमेश सुनारले गरेका थिए ।

# विद्यालय भवनको शिलान्यास

प्रस, सिम्रौनगढ, २१ जेठ/

सिम्रौनगढ–७ कङ्काली माध्यमिक विद्यालयको चार कोठे भवनको शनिवार शिलान्यास भएको छ । नगरप्रमुख किशोरीप्रसाद कलवारले विद्यालय भवनको शिलान्यास गरेका हुन्। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत चार कोठे भवन रु ३६ लाखको लागतमा निर्माण हुन लागेको प्रअ ध्रुवप्रसाद कुशवाहाले बताए ।

कार्यक्रममा उपप्रमुख नजबु शेहर,



समाजसेवी शेख मोतिम, सुभाष कुशवाहा, जगदीश महतो नुनिया, रामजनमप्रसाद कुशवाहा, विजय जयसवाललगायतको सहभागिता थियो ।

# दुईजना युवतीद्वारा पासो लगाएर आत्महत्या

प्रस, पर्सागढी, २१ जेठ/

पर्सागढी नगरपालिका–३ मा एकजना युवतीले पासो लगाएर आत्महत्या गरेकी छन् । वडा नं ३ बडनिहार बजारमा धनबहादुर तामाङको घरमा डेरा गरी बसेका वीरेन्द्र साहकी १८ वर्षीया छोरी पिङ्की साहले शुक्रवार राति ९ बजे कोठाको पङ्खामा पासो लगाएर आत्महत्या गरेको प्रहरीले जनाएको छ। प्रहरीले शव शल्यपरीक्षणको लागि नारायणी अस्पतालमा पठाएको र सोको रिपोर्ट आएपछि थप जानकारी गराउने बताएको छ ।

यसैगरी, वीरगंज–३१ बेल्वामा अर्की १९ वर्षीया युवतीले पनि पासो लगाएर आत्महत्या गरेकी छन् । कविता साह नाम गरेकी युवती खाना खाएर शुक्रवार राति सुतेको र बिहान ढोका नखोलेपछि निजका पिता रामेश्वर साह गोठले प्रहरीलाई खबर गरेका थिए । प्रहरीले ढोका खोल्दा कविताले पनि पासो लगाएर आत्महत्या गरेको पाइएको थियो ।

उनको शवलाई पनि शल्यपरीक्षणको लागि नारायणी अस्पतालमा पठाएको प्रहरीले जनाएको छ ।




# खेलकूदको संसार

## नेपाल युएईसँग पराजित

काठमाडौं, २१ जेठ/रासस

मलेशियामा जारी आइसिसी यू–१९ महिला टी–ट्वान्टी विश्वकप एशिया छनोटमा नेपाल संयुक्त अरब इमिरेट्स (युएई)सँग पराजित भएको छ ।

मलेशियाको युकेएम ओभल क्रिकेट मैदानमा शनिवार भएको खेलमा नेपाल युएईसँग १० विकेटले पराजित भएको हो । नेपालले दिएको ९ रनको लक्ष्य युएईले एक ओभर एक बलमा विना विकेटको क्षतिमा पूरा गऱ्यो । युएईको जीतमा थिर्था सतीशले अविजित चार रन जोडिन् भने लाभन्या केनी तीन रनमा अविजित रहिन् । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले ८ दशमलव १ ओभरमा सबै विकेट गुमाउँदै आठ रन जोडेको हो। इतिहासकै खराब प्रदर्शन गरेको नेपालका लागि स्नेहा महराले तीन तथा मनीषा रानाले अविजित दुई रन जोडे । किरणकुमारी कुँवर, अनु कडायत र आश्मा पुलामी मगरले एक/एक रन जोडे ।


विकेट लिएपछि खुशी मनाउँदै युएईका महिका गौर । तस्वीरः रायटर्स

युएईका महिका गौरले पाँच विकेट लिइन् भने इन्धुजा नन्दकुमारले तीन विकेट हात पारिन् । छनोटमा नेपालको यो पहिलो हार हो । हिजो भएको खेलमा नेपालले कतारलाई ७९ रनले पराजित गरेको थियो । यता युएईको भने यो लगातार दोस्रो जीत हो । पहिलो खेलमा युएईले भुटानलाई १६० रनले हराएको थियो ।

छनोटमा नेपालसहित आयोजक मलेशिया, युएई, थाइल्यान्ड, भुटान र कतार रहेका छन्। नेपालले तेस्रो खेल सोमवार भुटानसँग खेल्नेछ ।

# केही स्थानमा हावाहुरीसहित वर्षाको सम्भावना

काठमाडौं, २१ जेठ/रासस

देशभर आंशिकदेखि सामान्य बदली रही केही स्थानहरूमा मेघ गर्जन, चटचाङ र हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना हुने भएको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार हाल नेपालमा स्थानीय वायु र भारतको उत्तर प्रदेशदेखि पूर्वी बङ्गलादेशसम्म पूर्व–पश्चिम फैलिएको न्यून चापीय रेखाको प्रभाव रहेको छ । सो प्रणालीहरूको प्रभावले प्रदेश नं १, मधेस प्रदेशलगायत देशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भूभागमा आंशिक बदली भई प्रदेश नं १, मधेस प्रदेश, वाग्मती र गण्डकी प्रदेशका केही स्थानमा मेघ गर्जन, चटचाङ, हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको विभागले जनाएको छ।

आज देशका प्रदेश नं १, मधेस प्रदेश, वाग्मती र गण्डकी प्रदेशमा आंशिकदेखि सामान्य बदली भई प्रदेश नं १ र मधेस प्रदेशका थोरै स्थानमा मेघ गर्जन, चटचाङसहित हल्का वर्षा भएको छ ।

देशका पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भूभागमा आंशिक बदली रही प्रदेश नं १, वाग्मती र गण्डकी प्रदेशका केही स्थानमा तथा मधेस प्रदेशका एक वा दुई स्थानमा मेघ गर्जन, चटचाङ, हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको बताइएको छ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरण अनुसार आज देशमा सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम १२ दशमलव ८ डिग्री र सबैभन्दा धेरै दिपायलको अधिकतम तापक्रम ४० दशमलव चार डिग्री सेल्सियस रहेको छ।

## किन शुरू गरियो भारत.....

फेडेरेशन अफ इन्डियन च्याम्बर्स अफ कमर्स एन्ड इन्डस्ट्रिज, पिएचडी च्याम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजसँग सहकार्य गर्दै आएको छ ।

यस्तै, बङ्गलादेशको मेट्रोपोलिटिन च्याम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिज र ढाका च्याम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजसँग पनि परिसङ्घले सहकार्य गर्दै आएको छ । यो अभियान यी संस्थाहरूमार्फत पनि ती देशमा प्रवर्द्धन गरिने जोशीले बताए । परिसङ्घले नेपालको पर्यटन प्रवर्द्धन गर्न र पर्यटक भित्र्याउन यो अभियान सञ्चालन गरेको हो ।

नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेले भारत र बङ्गलादेश लक्षित पर्यटन प्रवर्द्धन अभियानले पर्यटन क्षेत्रमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरे । बोर्डले पनि यसअघि यस्तै अभियान सञ्चालन गरेको थियो। बोर्डले भारत, बङ्गलादेशलगायत क्षेत्रीय गन्तव्यको बजारीकरण र प्रवर्द्धनमा काम गर्दै आएको छ । सोही प्रभावस्वरूप भारतीय पर्यटक पछिल्लो मे महीनामा करीब नौ प्रतिशतले वृद्धि भएको छ ।

बङ्गलादेशका २०० प्रतिशतभन्दा बढी बढोत्तरी भएको बोर्डको विश्लेषण छ । नेपाल उद्योग वाणिज्य महासङ्घ, उद्योग परिसङ्घ, चेम्बर अफ कमर्सजस्ता ठूला नेटवर्क भएका संस्थाबाट गरिने पर्यटन प्रवर्द्धनात्मक अभियानले नेपालको पर्यटनमा सकारात्मक भूमिका निर्वाह गर्ने भएकाले यसबाट पर्यटन क्षेत्रले लाभ लिन सक्ने निर्देशक लामिछानेको भनाइ छ ।

गर्मी मौसममा उनीहरू बाहिर भ्रमण गर्न निस्कन खोजिरहेका बेला नेपाललाई नै गन्तव्य बनाउन यो अभियानले आकर्षित गर्ने परिसङ्घको विश्वास छ। लामो समय कोभिडबाट प्रभावित पर्यटन उद्योगको प्रवर्द्धन गर्नुपर्छ भन्ने उद्देश्यले नै अभियान सञ्चालन गरिएको यो अभियानले भारतीय र बङ्गलादेशीसहित अन्य मुलुकका पर्यटक भित्र्याउन पनि महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ ।

भारत र बङ्गलादेश द्रुतरूपमा वृद्धि भइरहेको बजार हो। दुवै देशको आर्थिक वृद्धि पनि उच्च छ । नेपालसँग हवाई सञ्जाल राम्रो र सहज पनि भएकाले यी देशका नागरिक अन्य मुलुकमा भ्रमण गर्नुभन्दा नेपालमा आउन सहज पनि छ। राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)ले भारतका तीन नयाँ दिल्ली, मुम्बई र बैङलोर गन्तव्यमा सीधा उडान गरिरहेको छ ।

सन् २०१९ मा दुई करोड ६३ लाखभन्दा बढी भारतीय अन्य मुलुकको भ्रमणमा गएको तथ्याङ्क छ। यस्तै, सोही अवधिमा २५ लाख बङ्गलादेशी पनि अन्य मुलुकमा भ्रमणका लागि निस्किएको देखिन्छ। कोभिडपछि उनीहरू बिस्तारै बाहिर निस्कन थालेकाले नै उनीहरूलाई लक्षित गरी यो अभियान सञ्चालन गरिएको हो ।

नेपाल भित्रिने विदेशी पर्यटकमध्ये हालसम्मको आँकडामा भारत नै सबैभन्दा अगाडि छ। कोभिडपूर्व वार्षिक दुई लाख हाराहारी भारतीय पर्यटक नेपाल आउने गरेको रेकर्ड छ । कोभिड महामारीकै दौरानमा पनि सबैभन्दा बढी भारतीय नेपाल भ्रमणमा आएका छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रकाशन गरेको 'टुरिज्म स्टाटिक्स २०२०'का अनुसार सन् २०२० मा दुई लाख ३० हजार ८५, सन् २०१९ मा ११ लाख ९७ हजार १९१ र सन् २०१८ मा ११ लाख ७३ हजार ७२ विदेशी पर्यटक नेपाल भित्रिएका छन् । यो सङ्ख्यामा सबैभन्दा बढी भारतीय पर्यटक रहेका छन् ।

सन् २०२० मा ४० हजार ३३६, सन् २०१९ दुई लाख ५४ हजार १५० र सन् २०१८ मा एक लाख ९४ हजार ३२३ भारतीय पर्यटकले नेपाल भ्रमण गरेका थिए । यस्तै, बङ्गलादेशबाट सन् २०२० मा चार हजार ९१७, सन् २०१९ मा २५ हजार ८४९ र सन् २०१८ मा २६ हजार ३५५ पर्यटक नेपाल भित्रिएको तथ्याङ्क छ।

कोभिड महामारीपछि नेपालको पर्यटन बिस्तारै लयमा फर्किंदैछ। पछिल्ला दिनमा पर्यटक आगमन पनि निरन्तर बढिरहेको छ । नेपाल पर्यटन बोर्डको तथ्याङ्क अनुसार सन् २०२२ को पाँच महीनामा एक लाख ९० हजार ७३९ जना पर्यटक नेपाल आएका छन् ।

पछिल्लो मे महीनामा ५३ हजार ६०८ विदेशी पर्यटक नेपाल भित्रिएका छन् । अघिल्लो अप्रिल महीनामा ५८ हजार ३८४ पर्यटकले नेपाल भ्रमण गरेका थिए ।

## दूतावासद्वारा विश्व साइकल.....

महावाणिज्यदूत, स्थानीय जनप्रतिनिधि, वीरगंज साइकलयात्री सङ्घका सदस्यसहित २५ जना साइकलयात्री सहभागी थिए। यो ऱ्याली बिहान साढे ५ बजे शुरू भएको र महावाणिज्य दूतावासदेखि बाराको गढीमाई मन्दिर भएर फर्केको थियो ।

यो यात्रा करीब ४० किलोमिटर रहेको महावाणिज्य दूतावासले जनाएको छ ।

यसैगरी, बिहान ७ बजे एमेच्योर साइकल ऱ्याली महावाणिज्यदूतबाट शुरू गरिएको थियो। स्थानीय प्रशासन, पत्रकार, नागरिक समाजका सदस्य तथा वाणिज्य दूतावासका कर्मचारी गरी करीब सयजना साइकलयात्री सहभागी थिए। यात्रा महावाणिज्य दूतावास, पावर हाउस चोक, आइसिपी गेट भएर घण्टाघर, माईस्थान, आदर्शनगर, अलखियामठ, पुरानो बसपार्क र घडीअर्वा पोखरी हुँदै महावाणिज्य दूतावास पुगेर समापन भएको थियो ।

ऱ्यालीको उद्देश्य शारीरिक तन्दुरुस्ती र सन्तुलनको सन्देश फैलाउने र साइकल चलाउनु वातावरणमैत्री मात्र नभएर उत्कृष्ट व्यायाम र सस्तो यातायात पनि हो भन्ने सन्देश रहेको थियो। यो ऱ्यालीले भारत र नेपालका जनताबीचको द्विपक्षीय सम्बन्धलाई पनि मजबूत बनाएको छ ।

**सर्पदंश (सर्पको टोकाइ)बाट बच्न...**

- घरवरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँहरूको व्यवस्थापन गरौं,
- घरवरिपरि सफा राखौं, प्वालहरू टालौं,
- खुला स्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झूलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राति हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होशियारी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड